# मानननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी र UNESCAP का कार्यकारी निर्देशक अर्मिडा सेल्सिया अदिसजमानाबीच शिष्टाचार भेटवार्ता



राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी नेतृत्वको प्रतिनिधिमण्डल र संयुक्त राष्ट्रसङ्घ एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (UNESCAP) का कार्यकारी निर्देशक अर्मिडा सेल्सिया अदिसजमाना बीच शिष्टाचार भेटवार्ता भएको छ।

मिति २०८१ फाल्गुन १३ तदनुसार २०२५ फेब्रुअरी २५ मा भएको यस छलफलमा नेपाल र संयुक्त राष्ट्रसङ्घ एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोगबीच द्विपक्षीय तथा बहुपक्षीय सहयोगका विभिन्न विषयमा छलफल भएको थियो। अहिले कार्यान्वयनमा रहेको सोह्रौँ योजनासँग मेल खाने गरी दिगो विकास लक्ष्य (SDG) हरूको प्रभावकारी कार्यान्वयनमा सहकार्य गर्ने विषयमा छलफल भएको थियो। साथै नेपालको अतिकम विकसित राष्ट्रबाट हुने स्तरोन्नतीको लागि सहज स्तरोन्नती सम्बन्धी रणनीतिको कार्यान्वयन, यसको पुर्वतयारी तथा स्तरोन्नति पश्चात अतिकम विकसित राष्ट्रको रुपमा प्राप्त सुविधाहरूको निरन्तरता लगायतका विविध विषयमा छलफल भएको थियो। साथै, युएनइस्क्यापसँगको सहकार्यमा गरिने अध्ययन, अनुसन्धान लगायतका विविध विषयमा छलफल भए थियो।